# विभिन्न कार्यक्रमकासाथ थासाङ गाउँपालिकाले मनायो ७१ औं प्रजातन्त्र दिवस

**सुरेन्द्र पौडेल**
**आन्तरिक लेखा परिक्षक**
**थासाङ गाउँपालिका ।**



यस थासाङ गाउँपालिकाको प्राङ्गणमा भएको **७१औं राष्ट्रिय प्रजातन्त्र दिवस**को अवसरमा विभिन्न कार्यक्रमका साथ हर्षोल्लासका साथ सम्पन्न भएको छ ।उक्त कार्यक्रममा थासाङ गाउँपालिका २ नं. वडा कार्यालयका अध्यक्ष श्री **नर प्रसाद हिराचन**को अध्यक्षतामा सञ्चालन तथा थासाङ गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री **भगवती खड्का कटुवाल**को उपस्थितिमा कार्यक्रम सञ्चालक यसै थासाङ गाउँपालिकाका शिक्षा अधिकृत श्री **टंकनाथ पौडेल**बाट भएको थियो भने स्वागत मन्तव्य गाउँपालिकाका इन्जिनियर श्री **लक्ष्मण खराल**बाट भएको थियो।




कार्यक्रममा थासाङ गाउँपालिका अन्तर्गतका कर्मचारीहरु वडा कार्यालयका सम्पूर्ण वडा सचिवहरु तथा यसै पालिकाका स्वास्थ्य चौकी अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो।



उक्त कार्यक्रममा विभिन्न ५ वटा कार्यक्रमहरु सञ्चालन भएको थियो ।लठ्ठा तान्ने प्रतियोगितामा पुरुषतर्फ थासाङ गाउँपालिकाका आ.ले.प **सुरेन्द्र पौडेल**को समूह, महिलातर्फ **सञ्जिता सिंजाली**को समूह विजयी भएको, घैंटो फुटाइ प्रतियोगिता तर्फ स्वास्थ्य चौकीका कर्मचारी श्री **दयाराम पौडेल**, म्युजिकल चियरमा क्रमशः **सञ्जिता सिंजाली , सरिता थकाली, दिपा परियार** प्रथम द्वितीय र तृतीय भएका थिए त्यसै गरी बेलुन फुटाउने प्रतियोगितामा पुरुषतर्फ **विजय वि.क** र महिलातर्फ **सरिता थकाली** विजयी भएका थिए भने चम्चा दौड प्रतियोगितामा क्रमशः **अमन पौडेल, दिपा परियार र लाल बहादुर रोका** प्रथम, द्वितीय र तृतीय स्थानमा विजयी भएका थिए ।



उक्त कार्यक्रमको पुरस्कार वितरण यसै कार्यक्रमका अध्यक्षवाट भएको थियो ।कार्यक्रममा अध्यक्ष हिराचन ज्यूले १०४ वर्षे जहानीय राणा शासनको अवस्थालाई चिर्दै सबैको अपनत्व भएको संघीय लोकतान्त्रिक गणतातन्त्रात्मक शासन व्यवस्था सहित स्थानीय सरकारको महत्वपूर्ण कार्य प्रजातन्त्रको उदयबाट मात्र सम्भव भएको कुरामा जोड दिदैं समापन गर्नु भएको थियो ।

